# एनआरएन जापान बिगत, वर्तमान र भविष्य

डा हेम राज शर्मा

महासचिबको हैसियतले तयार पारेको वार्षिक प्रतिवेदन, जुन एनआरएन जापानको प्रकाशन मातृभूमीमा प्रकाशन भएको छ (असम्पादित)

**बिषयसुची**

1 स्थापना 2

2 तदर्थ समितिको दुई वर्ष 2

3 प्रथम कार्यसमितिका लक्षहरु 3

4 प्रथम कार्यसमितीको पहिलो बर्षका निती तथा कार्यक्रमहरु 4

4.1 सँगठनका पुर्वाधार र संरचनासग सम्बन्धित ..... 4

4.1.1 कार्यसम्पादन नियमावलीको निर्माण र सँस्थागत सस्कारको बिकास ..... 4

4.1.2 क्षेत्रीय समितिहरुको निर्माणार्थ पुर्वाधार निर्माण र गठन ..... 4

4.1.3 उपसमितिहरु गठन ..... 5

4.1.4 सदस्यता बितरण अभियान ..... 5

4.1.5 एनआरएन बारे प्रचारात्मक जागरण ..... 5

4.1.6 आर्थिक संकलन ..... 6

4.1.7 प्रकाशन ..... 6

4.2 टोकियो घोषणा पत्रको प्रतिबद्दता ..... 7

4.2.1 प्रबिधि हस्तान्तरणसँग सम्बन्धित ..... 7

4.2.2 अन्य संघ-सँस्थाहरु सँग सहकार्य ..... 7

4.2.3 पर्यटन बिकास सम्बन्धी ..... 7

4.3 प्रवासीहरुको मतदानको अधिकार बारे आवाज ..... 8

4.4 जापानमा नेपालीहरुको ऐतिहासिक जमघट ........ 8

4.5 एनआरएन रेडियो सञ्चालन बारे ........ 9

4.6 नेपालीहरुलाई कदर पत्र, आर्थिक तथा मानविय सहयोग ........ 9

4.7 नेपाल-जापान सम्बन्धलाई प्रगाण बनाउने सम्बन्धमा ........ 9

4.8 अन्तराष्ट्रिय समन्वय समिती र यसका निकायहरुलाई सहयोग तथा सहकार्य ........ 9

4.9 समासामयिक बिषयमा दिईएका प्रेस बक्तब्यहरु ........ 11

5 भावी कार्यक्रमहरु 11

6 धन्यबाद 12

**स्थापना**

मुलुक बाहिर रहेका नेपाली र नेपालीमूलका बिदेशी नागरिकहरुको ज्ञान, प्रविधि, सीप र पूँजीको लगानी गर्दै मातृभुमिको आर्थिक र सामाजिक बिकासमा टेवा पुर्याउने उद्देश्यका साथ बिश्व ब्यापी सञ्जालको रुपमा स्थापित गैर-आवासीय नेपाली-संघ (एनआरएन) को जापान शाखा (एनआरएन जापान) ईसं- २००४ फेब्रुअरी १२ देखी क्रियाशिल छ । २००३ अक्टोवरमा काठमाडौमा सम्पन्न पहिलो बिश्व सम्मेलनको लगत्तै एनआरएनको स्थापना गर्ने थोरै देशहरुमा पर्दछ जापान ।यसको लागि सकृय भुमिका खेल्ने अग्रजहरु धन्यबादका पात्र हुनुहुन्छ । यधपी एनआरएन जस्तो सम्पुर्ण नेपालीहरुको साझा सँस्थाको स्थापना गर्दा हतार नगरी जापानवासी नेपालीहरु र स्थानिय संघ सँस्थाहरुसँग बृहत छलफल गरी अगाडी बढेको भए तत्लाकिन समय देखी एनआरएन प्रभावकारी ढङ्गले बढने थियो ।

**तदर्थ समितिको दुई वर्ष**

स्थापनाकाल देखि करिव दुई वर्ष सम्म कार्यरत तदर्थसमितिले गरेका उपलब्धिमुलक कामहरुमा सस्थाका गतिबिधिहरु प्रवाह गर्नका लागि बिधुतीय पुर्वाधारहरुको स्थापान (जस्तै-होमपेज,ईमेल) बिभिन्न समयमा गरेका अन्तरकृया कार्यक्रमहरु र २००६ मे ६-७ तारिकमा सम्पन्न प्रथम सम्मेलनलाई लिन सकिन्छ । एनआरएन अन्तर्राष्ट्रिय समन्वय समितिका अध्यक्ष, उपाध्यक्ष, कोअर्डिनेटर, कोषाध्यक्ष, सदस्यहरु लगायत करिव एक दर्जन भन्दा बढी राष्ट्रहरुबाट अतिथिहरु, नेपाल उधोग बाणिज्य महासंघ का सभापती, संभावित लगानी कर्ताहरु, पत्रकारहरुको उपस्थितिले गर्दा उक्त सम्मेनले जापानवासी नेपालीहरु र नेपाली मेडियाको समेतको ध्यान आकर्षण गरेको थियो । “Knowledge, Network and Challenges” नाराका साथ सम्पन्न पहिलो सम्मेलन देशको आर्थिक र सामाजिक

बिकाससंग प्रत्यक्ष सरोकार राख्ने बिषयहरुमा समन्धित क्षेत्रका बिशेषज्ञहरुले प्रवचन दिनु भएको थियो । यसै बिच जापानलागि नेपाली  तत्कालिन राजदुतको उपस्थितिमा नेपाल उधोग बाणिज्य महासंघ र एनआरएन बिच एक सहमती पत्रमा हस्ताक्षर गरी नेपाल उधोग बाणिज्य महासंघले सञ्चालन गर्दै आएको "एक गाँउ एक उत्पादन" परियोजनालाई नेपालमा प्रभावकारी रुपमा अगाडी बढाउन एक समझदारी पत्रमा हस्ताक्षर भएको थियो । सम्मेलनको अन्त्यमा नेपालको आर्थिक बिकास र गैरआवासीय नेपालीहरुको हितका लागी बिभिन्न कार्यक्रम ल्याउने प्रतिबद्दताहरु "टोकियो घोषणा पत्र" मार्फत जाहेर गरिएको थियो । सम्मेलनको महत्वपुर्ण उपलब्धी प्रथम कार्य समितीको निर्वाचन थियो जसले एनआरएन जापानलाई नयाँ ढङ्गले अगाडि बढ्न दिशानिर्देश गरेको थियो ।

तदर्थ समितिका माथि उल्लेखित कार्यहरु प्रसंशनिय भए पनि तदर्थ समितिको आफ्नो मुख्य उद्देश्य कार्यकारिणी समिति निर्माणका लागी आबश्यक पर्ने पुर्वाधारको निर्माण गर्ने, तिर प्रयाप्त ध्यान नदिएको पाईन्छ । टोकियो घोषणा पत्रका कतिपय प्रतिबद्दताहरु कार्वान्वियनका संभावनाहरु बारे पुर्व अध्यन र आबश्यक संयन्त्रको सोच बिना आएकाले यिनीहरुलाई ब्यबहारमा उतार्न निकै मेहनत गर्नु पर्ने देखिन्छ ।

**प्रथम कार्यसमितिका लक्षहरु**

प्रथम कार्यकारिणि समितिले एनआरएन जापानलाई बढि भन्दा बढि सँस्थागत, समाबेशी, पारदर्शी र बैज्ञानिक बनाउने र एनआरएन केन्द्रिय समितिको मुल मर्मलाइ आत्मासाथ गर्दै अगाडि बढ्ने निति अबलम्वन गरेको छ । जस अनुसार आफ्नो कार्यकालको पहिलो बर्षमा निम्न लक्षहरु किटान गरिएको थियो ।

(**क**)कुनै पनि संगठनको आधार स्तम्भ यसको संरचना हुने कुरालाई मध्य नजर गर्दै संगठनको संरचना बिकासका लागि प्राथमिकता दिने ।

(**ख**)सापेक्षितरुपमा एनआरएन एउटा नयाँ सँस्था भएकोले एनआरएन-आन्दोलन बारे जागरण फैल्याउदै बढि भन्दा बढि नेपालीहरुलाई एनआरएनमा संगठित गर्दै लैजाने, सस्थालाई सम्पुर्ण नेपालीहरुको साझा सँस्थाको रुपमा बिकसित गर्ने ।

(**ग**)प्रथम अधिबेशनमा जारी "टोकियो घोषणापत्र" मार्फत जाहेर भएअनुसार देशको अर्थतन्त्रमा प्रत्यक्ष टेवा पुर्याउने प्रतिबद्दताहरुलाई ब्यबहारमा ल्याउने ।

(**घ**)प्रवासी नेपालीहरुको हितलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरु लागु गर्ने ।

## प्रथम कार्यसमितीको पहिलो बर्षका निती तथा कार्यक्रमहरु

## सँगठनका पुर्वाधार र संरचनासग सम्बन्धित

### कार्यसम्पादन नियमावलीको निर्माण र सँस्थागत सस्कारको बिकास

कार्यसमितिको पहिलो बैठकले कार्यसमितिका कामकारवाहीलाई अनुशासित, मर्यादित, बैज्ञानिक र पारदर्शी बनाउन कार्यसम्पादन नियमावली निर्माण गरेको थियो। जस अन्तरगत बैठकका निर्णयहरुको नेपाली भाषामा अभिलेख राख्ने, प्रत्येक दोश्रो महिनाको पहिलो शनिवार अपरान्ह नियमित बैठक बस्ने, बिना सुचना लगातार तीनवटा नियमित बैठकमा अनुपस्थित हुन नहुने, संसथाको आर्थिक स्थिति बलियो बनाउन प्रत्येक कार्यसमिति सदस्यले प्रत्येक बैटकमा लेवी प्रदान गर्ने ,सँस्थामा आइपर्ने आकस्मिक निर्णयहरु गर्न सक्ने अधिकार सम्पन्न सचिवालयको गठन गर्ने आदि पर्दछन। बैठकमा उठ्ने मुद्दाहरुमा खुला र बृहत छलफल गर्ने, कार्यक्रमहरुको समिक्षा र रिपोर्टिङ् गर्ने परम्पराको थालनी गरिएको छ। बैठकमा कुनै पनि बिषयमा ठोस निर्णय लिन सहयोग होस भन्ने हेतुले बैठकमा उठ्ने बिषयहरु ईमेल मार्फत पुर्व छलफल (कम्तिमा एक हप्ता पहिले देखि) हुने गरेको छ। बैठकमा उपस्थित हुन नसक्ने सदस्यहरुको राय पनि समावेस गर्न सकिने यस पद्दतीका सुरुका दिनहरुमा सदस्यहरुको सहभागिता बाक्लै भए पनि पछिल्ला दिनहरुमा यसको प्रभावकारीता घटेको छ । यसै गरी कार्यसमितिका निर्णयहरु बारे सुसुचित हुन पाउने साधारण सदस्यहरुको अधिकारलाई ध्यानमा राखी सर्कल मेलको स्थापना गरी सोको माध्यम र होमपेजबाट सदस्यहरुलाई नियमित रुपमा सुचना प्रवाह गर्ने प्रणालीको बिकास गरिएको छ। तर बिधुतिय सञ्चारमा पहुच नहुने सदस्यहरुलाई सुचना प्रवाह गर्न त्रैमासिक छापा पत्रिकाको प्रकाशन गर्ने निर्णय भए पनि कार्वान्यिन हुन सकेको छैन।बिध्यमान बिधान सदस्यहरु बिच बृहत छलफल बिना र केन्द्रिय समितिको बिधानसग तार्तम्य नमिल्ने गरी निर्माण भएकोले त्रुटिहरुलाई सम्पुणरुपमा सच्चाएर बिधान संशोधनको प्रस्ताव गरिएको छ।

### क्षेत्रीय समितिहरुको निर्माणार्थ पुर्वाधार निर्माण र गठन

एनआरएनका गतिबिधिहरुलाई टोकियोमा मात्र सिमित हुन नदिन र बढी भन्दा बढी नेपालीहरुलाई एनआरएनमा आबद्द गर्नका लागी बिभिन्न क्षेत्रमा क्षेत्रीय समितिहरु गठन गर्ने निर्णय गरिएको छ। यसको आबश्यक पुर्वाधारको तयारी गर्नका लागी संगठन बिस्तार समिती निर्माण गरिएको छ। उक्त समितिको अध्ययन प्रतिबेदनले भौगोलिक र नेपालीहरुको जनसँख्याको आधारमा जापानलाई १० भागमा बिभाजन गरी क्षेत्रीय समिति गठन गर्ने सुझाव दिएको थियो। कार्यसमितिले बिभिन्न समयमा छलफल गरी क्षेत्रीय समिति गठन नियमावली पनि तर्जुमा गरि सकेको छ। हाल सम्म टोकियो क्षेत्र पछी बढी सँख्यामा नेपालीहरु बसोबास गर्दै आएका तोकाई र किन्कि क्षेत्रहरुमा क्षेत्रीय समिति स्थापाना गरी सकिएको छ र अन्य क्षेत्रहरु पनि बिस्तार गर्दै लैजाने पहल भइरहेको छ।

## उपसमितिहरु गठन

कार्यसमितिका साथीहरुको दक्षताको आधारमा बिभिन्न उपसमिति गठन गरि कार्यको बाडफाँड गरिएको छ । कार्य सम्पादनका लागि सरलीकरण र कार्यको विकेन्द्रिकरणका लागि गठित उपसमितिहरुमा वेब ब्यबस्थापन, सदस्यता ब्यबस्थापन तथा संगठन बिस्तार, बिधान संशोधन, प्रकाशन, अन्तर संगठन संयोजन, खेल तथा सांस्कृतिक, ब्यापार तथा वाणिज्य, अर्थ, प्राज्ञिक र सुचना तथा प्रबिधि रहेका छन । यस्ता उपसमितीहरुमा कार्यसमिती भन्दा बाहिरका साथीहरु पनि आवद्ध हुन सक्ने ब्यबस्था गरिएकोले कमिटि भन्दा बाहिर रहेका साथीहरुको दक्षतालाई पनि सदुपयोग गर्न सकिने, कार्यक्रमहरुमा बिभिन्नता आउनुकासाथै संगठानात्मक गतिबिधिहरुमा तिब्रता आउने भएकोले उपसमितिहरुको गठन महत्वपुर्ण ठहरिएको छ । तर संस्थाका गतिबिधिहरु अझ बढि प्रभावकारीरुपले अगाडी बढ्नका लागि सबै उपसमितिहरु उत्तिकै रुपमा सजव र कृयाशिल हुनु पर्ने जरुरी देखिन्छ ।

## सदस्यता बितरण अभियान

बढी भन्दा बढी नेपालीहरुलाई संगठित गर्नका लागी सदस्यता वितरणलाई अभियानकै रुपमा अगाडी बढाएको छ । जस अन्तरगत सदस्यता बितरणलाई सुलभ बनाउने, सदस्यता परिचय पत्र जारी गर्ने, सदस्यताका लागि आकर्षक सुविधाहरुको ब्यबस्था गर्ने आदि रहेका छन । बिधुतीय माध्यममा मात्र सिमित रहेको सदस्यता फाराम बितरण पद्दतिलाई बिस्तार गरी ब्रुसर र अन्य माध्यमबाट पनि सुलभ किसिमले बितरण भईरहेको छ । सदस्यता परिचय पत्र बितरणमा भने बिविध कारणले बिलम्ब भएको छ । करिव दुई दर्जन नेपाली ब्यबसायी साथीहरुले उहाँहरुको ब्यबसायमा एनआरएनका सदस्यहरु निश्चित प्रतिशत छुट प्रदान गर्न सहमती जनाई सक्नु भएकोले छ । नेपाल एअरलाईन्सले पनि ओसाका काठमाडौ उढानमा बिशेष सहुलियत दिने निर्णय गरिसकेको छ तर समयमा सदस्यता परिचय पत्र तयारी गर्न नसक्दा यसको कार्वान्यिनमा हुन सकिराखेको छैन । यस्तो सहुलियत कार्यक्रमले एनआरएनको सदस्यता बितरण अभियानलाई सहयोग गर्ने मात्र होईन कि नेपालीले नेपालीकै व्यपार व्यबसायममा खरिद उपयोग गर्न गराउन प्रेरित गराउनुको साथै नेपालीहरु बिच भाइचाराको बिकास गर्नमा टेवा पुर्याएको हामीलाई महसुस भएको छ ।

गत वर्ष सम्पन्न पहिलो सम्मेलन पछि सदस्यहरुको सँख्या दुई गुणाले बढी हाल करिव ३०० जना सदस्य हुनु हुन्छ । अधिकांश सदस्यहरु क्षेत्रीय अधिबेशनको समयमा जारी भएका छन भने संगठन बिस्तार समितिको पहलमा पनि निकै सदस्यता जारी भएको छ । तर ईनटरनेट र हुलाकबाट प्राप्त आवेदनको संख्या भने न्युन रहेको छ । सदस्य सख्या बढाउन कार्यसमितिका सदस्यहरुले ब्यक्तिगत पहल गर्नु पर्ने देखिन्छ ।

## एनआरएन बारे प्रचारात्मक जागरण

बिभिन्न माध्यमले एनआरएन बारे जागरण फैल्याउने काम सकृयरुपमा अगाडी बढिरहेको छ । एनआरएनको छोटो परिचय र यसका गतिबिधि समावेश भएको ब्रुसरको छपाई तथा बितरण भइसकेको

छ । बिभिन्न समयमा आयोजित कार्यक्रम र गोष्ठिमा एनआरएन बारे सार्वजनिक प्रवचन र अन्तकृया सम्पन्न भएका छन (टोकियोमा ४ पटक, नागोया १ पटक, ओसाका १ पटक)। यसै गरी एनआरएनका गतिबिधिहरु समाबेश साझा क्यालेण्डर २००७ ९बिक्रम सम्वत २०६३-२०६४० जापानवासी नेपालीहरुको भित्ता-भित्तामा पुर्याइ सकिएको छ । एनआरएन डे को अबसर पारेर प्रस्तुत गरिएको नेपालका चर्चित कलाकारहरु मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यको हाँस्य ब्यङ्गात्मक कार्यक्रमको मुख्य उद्देश्य पनि बढि भन्दा बढी नेपालीहरुलाई आकर्षित गर्ने र सोही अवसरमा एनआरएनका गतिबिधी बारे प्रकाश पार्नु थियो । जापान कै ईतिहासमा सबै भन्दा धेरै नेपालीहरुको जमघट भएको यस अवसरमा सहभागीहरुले एनआरएन बारे जानाकारी लिने मौका पाएका थिए । यसै गरी हाम्रो जागरण अभियानलाई सफल पार्नका लागी जापान स्थित नेपाली संचार माध्यमहरुको भुमिका महत्वपुर्ण हुने कुरालाई ध्यानमा राखी जापानबाट प्रकाशित नेपाली मेडियाहरु नेपाल समाचार साप्ताहिक, नेपालजापान डट कम , समुंन्द्रपारि डट कम, र नेपाली संचारसग सहकार्य गर्दै अगाडी बढ्ने निती अवलम्बन गरिएको छ । यसै गरी नेपाल ईन्टरन्यासनल टिवी च्यानलले समय समयमा हाम्रा कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण गरेर हाम्रो अभियानलाई टेवा पुर्याएको छ । बार्षिक साधारण सभाको अवसरमा प्रकाशन हुन लागेको “मातृभूमी नेपाल” नामक वार्षिक पत्रिकाको मुख्य उद्देश्य पनि एनआरएनका जल्दा बल्दा मुद्दाहरुलाई पाठक समक्ष पुर्याउनु रहेको छ।

### आर्थिक संकलन

संगठनलाई आर्थिकरुपमा सवल बनाउनका बिभिन्न उपायहरुको प्रयोग गरिएको छ । कार्यकारिणी समितीका सदस्यहरुबाट लेवी संकलन, मनोरञ्जात्मक कार्यक्रमहरु र सेमिनार तथा गोष्ठिको आयोजना, सदस्यता शुल्क, हाम्रा प्रकाशनहरु जस्तै क्यालेण्डर, “मातृभुमी नेपाल” मा बिज्ञापन र बिभिन्न कार्यक्रममा ब्यबसायीहरु र अन्य संस्थाहरुबाट प्राप्त सौजन्यताबाट आर्थिक संकलन गरिएको छ । जस मध्य ब्यबसायीहरुको सौजन्यता र बिज्ञापनबाट प्राप्त रकम नै अर्थ संकलनको मुल श्रोत बनेको छ ।

### प्रकाशन

सँस्थाका नियमित गतिबिधिहरु, कार्यक्रमको समिक्षा-रिपोर्ट, प्रेस बक्तब्य आदी होमपेजबाट प्रकाशन गरिदै आएको छ भने क्यालेण्डर र ब्रुसरद्वारा पनि हाम्रा प्रतिबद्दता र बिगतमा भएका गतिबिधि बारे जानाकारी दिईएको छ । बर्ष भरिका गतिबिधि समाबेश गरेर बार्षिक साधारण सभामा “मातृभुमी नेपाल” पत्रिका प्रकाशित हुदैछ । यसरी बिभिन्न किसिमका प्रकाशनले हाम्रो जागरण र पारदर्शी अभियानलाई टेवा पुर्याहने मात्र होईन सदस्यहरुको संगठनका गतिबिधि बारे सुसुचित हुने अधिकारलाई पनि संरक्षण गरेको हाम्रो ठहर छ ।

## टोकियो घोषणा पत्रको प्रतिबद्दता

## प्रबिधि हस्तान्तरणसँग सम्बन्धित

जापानमा सिकेको सिप र प्रविधिलाई देश बिकासमा सदुपयोग गर्ने संभावनाको खोजी गर्ने प्रतिबद्दता अनुसार नेपालको सुचना तथा प्रबिधिको क्षेत्रमा के कसरी योगदान गर्न सकिन्छ भन्ने बिषयसँग सम्बन्धित "First NRN Information Technology and Communication Workshop" नामक कार्यशाला गोष्ठि सम्पन्न भइसेकेको छ । सम्बन्धित क्षेत्रका बिशेषज्ञ र लगानी कर्ताको सहभागिता भएको यस कार्यशाला पहिलो सम्मेलनमा भएको यस्तै प्रकारको कार्यशालाको निरन्तरता थियो। भविष्यमा हुने यस्ता खालका कार्यशालाहरु आयोजना पहिले भएका कार्यशालाको समिक्षाको आधारमा हुनु पर्ने जरुरी देखिन्छ।

## अन्य संघ-सँस्थाहरु सँग सहकार्य

जापान रहेका नेपाली संघ सँस्थाहरुको आ-आफ्नो महत्व भएको कुरालाई ध्यानमा राख्दै यी सँस्थाहरुसँग प्रतिद्वन्दीको भावनाले होइन की हातेमालो गर्दै अगाडि बढ्ने टोकियो घोषणा पत्रको प्रतिबद्दता अनुरुप हरेक संघ सँस्थाहरुका बार्षिक कार्यक्रमहरु समाबेश भएको २००७ सालको साझा क्यालेण्डर प्रकाशित भइसकेको छ। यसै गरी एनआरएनका बिभिन्न कार्यक्रमहरुमा अन्य सँस्थाहरुलाई निमन्त्रणा गर्ने मात्र होइन कि अभिब्यक्तिका लागि पटक-पटक मञ्च प्रदान गर्दै आएका छौ । यस्ता केहि उदाहरणका लागि, पहिलो सम्मेलनमा भएको सँस्थाहरुबिच अन्तरकृया कार्यक्रम र टोकियो मा हालै सम्पन्न "प्रवासी नेपालीहरुको  मताधिकार" सम्बन्धि अन्तरकृया कार्यक्रमलाई लिन सकिन्छ । यसै गरी अन्य सँस्था सँग भाइचाराको बिकास होस भन्ने उद्देश्यका साथ अन्य संस्थाहरुसग संयुक्तरुपमा कार्यक्रमहरु सञ्चालन भएका छन । नेपाल जापान सोशाइटी जापान स्थित नेपाली बिध्यार्थि समाज ९नाज० र एनआरएन जापानको आयोजनामा संयुक्त दशै कार्यक्रम, जापान नेपाल सोसाइटीको आग्रहमा टोकियोको आकिहावारा भएको "नेपाल डे" र शान्ति तथा लोकतान्त्रिक नेपाली मञ्च जापान सँग चर्चित कलाकार मदन कृष्ण श्रेष्ठ र हरिबंश आचार्यको अभिनद्दन जस्ता कार्यक्रमहरुलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ।

## पर्यटन बिकास सम्बन्धी

देशको पर्यटन बिकासका लागी जापानबाट गर्न सकिने योगदानको संभाब्यता अध्ययन शुरु भएको छ, जसको प्रारम्भिक अध्ययन प्रतिबेदन गत बर्ष जुलाईमा सम्पन्न एक कार्यशालामा प्रस्तुत गरिएको थियो। यस अध्ययनलाई अझै अगाडि बढाइ २००७-८ वर्षको बार्षिक कार्यक्रममा पर्यटन बिकाशका लागि बिषेश कार्यक्रम ल्याउने सोच भइरहेको छ । यसैगरी नेपालको संस्कृतिबारे जापानी नागरिकहरुलाई परिचय गराउने उद्देश्यले बिभिन्न समयमा कार्यक्रमहरु सञ्चालन हुदै आएका छन। सिन्जुकुमा नेपालमा पर्यटन बिकास बारे कार्यशाला गोष्टि संचालान, नेपाल डे मा आकिहावारा भएको बिभिन्न जातजातीको

भेषभुषाको प्रदर्शनले जापानीजहरुको मन जित्न सफल भएको थियो भने टोकियो बाहिर नागोयामा पनि तोकाई क्षेत्रीय समितिको पहलमा भएको सांस्कृतिक कार्यक्रमले पनि यस्तै महत्व राखेको थियो।

### *प्रवासीहरुको मतदानको अधिकार बारे आवाज*

एनआरएन जापानले शुरुका दिन देखि प्रवासी नेपाली लागि मतदानको अधिकारको माग गर्दै आएको छ । २००६ मे मा सम्पन्न कार्यसमितिको पहिलो बैठकले मतदान अधिकारको मागलाई बिभिन्न किसिमले बुलन्ध गर्दै लैजाने निर्णय गरेको थियो । तत् पश्चात नेपाल सरकार, नेपाल पत्रकार महासंघ, र नागरिक समाजलाई ज्ञापन पत्र मार्फत मतदान अधिकार बारे ध्यानाकर्षण गराइएको थियो । शिक्षा मन्त्री मंगल सिद्दि मानन्धर र नेपाल पत्रकार महासंघका सभापतीको टोकियो भ्रमणको क्रममा सभापति मार्फत नागरिक समाजका नाममा ज्ञापन पत्र हस्तान्तरण गरिएको हो । साथमा जर्मनीको बोनमा भएको दोश्रो एनआरएन क्षेत्रीय सम्मेलनमा मतदानका अधिकारको मागमा ऐक्यबद्दता जनाउन विभिन्न देशमा रहेका एनआरएन राष्ट्रिय समन्वय समिति र अन्तराष्ट्रिय समन्वय समितिलाई लिखित रुपमा आग्रह गरिएको थियो । यस मागलाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय समन्वय समितिको आठौ बैठकले नेपाल सरकार समक्ष मतदान अधिकार बारे औपचारिक माग राखेको थियो । मतदान अधिकारको माग राष्ट्रिय बहस कै बिषय बन्न पुगेको कुरा सर्वबिधित नै छ । राजनैतिक पार्टिका नेताहरु र मन्त्रीहरुले मतदानको अधिकार सुनिश्चित गर्ने आश्वाशन दिए पनि संसदबाट मतदान नियमावली पारित गर्दा प्राबिधिक कठिनाई देखाइ बिदेशीभुमीबाट मतदानको ब्यबस्था नहुने भयो । यसको लगत्तै टोकियोमा “प्रवासी नेपालीहरुलाई मतदानको अवसर नदिनु कति औचित्यपुर्णरु” बिषयक एक  अन्तरकृया कार्यक्रम आयोजना गरियो । जसमा भुतपुर्व उपप्रधानमत्री रामचन्द्र पौडेल, राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष डा। नारायण खड्का, एनआरएन कोरियाका राष्ट्रिय संयोजक, जापान स्थित नेपाली राजनैतिक पार्टिका भातृसंगठनका प्रतिनिधिहरुले तथा बिभिन्न व्यक्तिहरुले आ-आफ्नो बिचार ब्यक्त गर्नु भएको थियो, भने एनआरएन जापानका तर्फबाट बिदेशी भुमिमा निर्वाचनको ब्यबस्था गर्दा आइपर्न सक्ने कठिनाई र यसका समाधानका उपायहरु समाबेश गरिएको एक कार्यपत्र प्रस्तुत गरिएको थियो । नेपाल अन्तरराष्ट्रिय टेलिभिजन (NITV) ले ईन्टरनेटको माध्यमबाट संसार भर र एफएम रेडियोबाट नेपालमा प्रत्यक्ष प्रसार गरेर कार्यक्रमको बिषयबस्तु प्रति ध्यानाकर्षण गराएको थियो भने कार्यक्रममा प्रस्तुत कार्यपत्र  कान्तिपुर राष्ट्रिय दैनिक तथा नेपालयुके डट कम लगायत अन्य अनलाईन मेडियाहरुले प्रकाशित गरेर पाठकहरु समक्ष पुर्याएका थिए ।

### *जापानमा नेपालीहरुको ऐतिहासिक जमघट*

गैरआवासीय नेपाली दिबश मनाउनका नेपालका चर्चित हाँस्य-कलाकार मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यलाई निमनत्रणा गरिएको थियो। माथो उल्लेख गरिए अनुसार यस कार्यक्रममा जापानमा पहिलो पटक सबै भन्दा बढि नेपालीहरुको जमघट गराउन सफलता मिलेको थियो। यसले एनआरएनको जागरण अभियान र अर्थ संकलनमा टेवा पुर्याएको मात्र थिएन कि एनआरएन को उत्कृष्ठ कार्य शैलिको प्रदर्शन पनि गरेको थियो।

*एनआरएन रेडियो सञ्चालन बारे*

नेपाल टेलिभिजन लगायत नेपाली संचार माध्यमलाई बिश्ववभर छरिएर रहेका नेपालीका लागि आमसंचारको मूल प्रभाहमा ल्याउने उद्देश्यका साथ स्थापित एनआइटिभीसग मिली "एनआरएन रेडियो" सञ्चालान गर्नका लागि निशुल्क प्राबिधिक सहयोग र समय उपलब्ध गराउने सहमती जनाएको छ। रेडियो सञ्चालन गर्नका लागि आबश्यक गृहकार्यको शुरुवात भएको छ।

*नेपालीहरुलाई कदर पत्र, आर्थिक तथा मानविय सहयोग*

नेपाल र नेपालीको लागि योगदान पु-याउने र एनआरएनलाई सहयोग पुर्या-ने ब्यक्तिहरुलाई बिभिन्न किसिमले सम्मान गर्नेरसहयोग पुर्याउने (जस्तै- कदर-पत्र प्रदान, आर्थिक सहयोग) कार्यसमितिको निर्णयको कार्वान्यनको शुरुवात भएको छ । नेपालको हाँस्यबिधा क्षेत्रमा योगदान पुर्याउने र जनआन्दोलन दुईमा बिशेष भुमिका निर्वाह गरेका कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यलाई टोकियोमा एक कार्यक्रम गरी अभिन्दन गरिएको छ भने बिभिन्न समयमा जापानमा आउनु भएका नेपाली बिश्व साईकल यात्रीहरुलाई सम्मान पत्र र आर्थिक सहयोग प्रदान गरिदै आइएको छ। यसै गरी एनआरएको बिभिन्न कार्यक्रममा सहयोग गर्नु हुने स्थानिय कलाकारहरु र सौज्यकर्तालाई पनि सम्मान गरिदै आइएको छ। जापानवासी नेपालीहरुलाई आपतकालीन स्थितिमा आर्थिक सहयोग गर्नको लागी "आपतकालीन सहयोग कोष" स्थापना गर्ने सैद्दान्तिक निर्णय भएको छ। प्रस्तावित कोषको दुरुपयोग नहोस भनेर अर्थ संकलन गर्नु पुर्व निश्चित नियम बनाउनका लागि कार्यसमितिका सदस्यहरुको राय संकलन भइसकेको छ र यसको अन्तिमरुप दिन एक समितिको गठन भएसकेको छ।

*नेपाल-जापान सम्बन्धलाई प्रगाण बनाउने सम्बन्धमा*

नेपाल र जापन बिचको सम्बन्धलाई प्रगाण बनाउन टेवा पुर्याहने उद्देश्यनुरुप नेपाल-जापान मैत्री सम्बन्धको ५०औ वर्ष गाँठको उपलक्ष्यमा बिभिन्न कार्यक्रमहरु आयोजना गरियो। यसै उपलक्ष्यमा २००६ सेप्टेम्वरमा आकिहाबारामा एनआरएन जापानको सह-आयोजनामा "नेपाल डे" सम्पन्न भयो। २००७ सालको भित्ते पात्रोको आवरण पेजमा "नेपाल-जापान मैत्री सम्बन्धको ५०औ वर्ष गाँठको उपलक्ष्यमा" प्रकाशित हुलाक टिकट समाबेश गरी गरेर नेपाल र जापन बिचको सम्बन्धलाई प्रगाण बनाउने हाम्रो प्रतिबद्दताको प्रकट गरिएको थियो । २००६ अक्टोवर र डिसेम्वरमा सम्पन्न क्रमश "एनआरएन डे" र "सुचना तथा प्रबिधि वर्कसप"मा पनि यस सन्दर्भलाई जोडिएको थियो।

**अन्तराष्ट्रिय समन्वय समिती र यसका निकायहरुलाई सहयोग तथा सहकार्य**

पहिलो वर्षको कार्यकालमा माथि उल्लेखित कार्यहरुमा बढी जोड दिनु पर्ने भएकोले अन्तराष्ट्रिय समन्वय समितीका परियोजनाहरु खासै उल्लेखनिय सहयोग पुर्याउन सकिएको छैन । यधपी यस बिषयमा पटक्कै चासो नभएको भने होइन। प्रस्तावित परियोजना के कसरी सहयोग गर्न सकिन्छ भन्ने बिषयमा कार्यसमितीमा पटक पटक छलफल भएको छ र सहयोगका संभावनाका बारे अध्यन गर्न कार्यसमितिका साथिहरुलाई जिम्मेवारी दिइएको छ। अन्तर्राष्ट्रिय समन्वय समितीद्वारा प्रस्तावित नेपाल

ईन्भेष्टमेन्ट फण्डमा अर्थ संकलनका संभावना खोज्न अध्यक्षलाई र नलेज बैंक स्थापनामा सहयोग गर्न सुचना तथा प्रबिधि समितिलाई कार्यसमितिले आग्रह गरेको छ। केन्द्रीय समितिको सकृयतामा भरखर शिलन्यास गरिएको देवघाट बृद्दाश्रम निर्माण गर्नका लागि कार्यसमितीका साथीहरुले ब्यक्तिगतरुपमा आर्थिक सहयोग गर्नु भएको थियो।

केन्द्रिय समितीका बिभिन्न गतिबिधिहरुमा सहयोग पुर्याउने र निर्देशनको पालना गर्ने काम भएको छ। जापान सरकारको “एक गाँउ एक उत्पादन” कार्यक्रममा उत्प्रेरणको भुमिका खेल्न बनेको समितिलाई सहयोग गर्नलागी राष्ट्रिय समितिको तर्फबाट दुई सदस्यहरुको मनोनयन गरिएको छ। मनोनित एक सदस्यले जापान सरकारबाट योकोहामामा प्रदान गरिएको “एक गाँउ एक उत्पादन” बिषयक एक हप्ते तालिम प्राप्त गरि सक्नु भएकोले उँहाले आर्जन गर्नु भएको ज्ञानले समितिलाई सहयोग पुर्याउने बिश्वाश गरिको छ। यसै गरी केन्द्रिय समितिको निर्देशनमा २००६ अक्टोवरमा टोकियोमा ५०० जना भन्दा बढी जापानवासी नेपालीहरुको सहभागितामा “गैर-आवासीय नेपाली दिवश” भब्यरुपमा मनाईयो।

" …….” सँस्थाको सौजन्यमा जापानमा म्याराथुन तालिम लिइरहेका हिमाली क्षेत्रका धावीकाहरुलाई एनआरएन जापानले नैतिक सहयोग गर्दै आएको छ।

अन्तर्राष्ट्रिय युथ फोरम र महिला फोरमलाई जापानको तर्फबाट सहयोग पुर्याउन र एनआरएन जापान र यी फोरमहरु बिच पुलको भुमिका खेल्न प्रतिनिधिहरु छनौट गरिएको छ। तर यी फोरमका गतिबिधिहरु बारे हाल सम्म कार्यसमिती अनबिज्ञ रहनु परेको स्थिति छ।

एनआरएन जापानले संगठनको गुणात्मक बिकाशका लागी समय समयमा केन्द्रिय समितीलाई सुझाव दिदै आएका छौ। यसको एउटा उधाहरणका लागि २००६ जुन महिनामा जर्मनीको बोनमा सम्पन्न भएको दोश्रो क्षेत्रिय सम्मेलनमा लिखितरुपमा उठाइएको निम्न मागलाई लिन सकिन्छ। तत्कालिन बिधानमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा प्रतिनिधि छान्ने अधिकार सम्बन्धित देशका राष्ट्रिय समन्वय समितिमा नभएकोले असक्षम ब्यक्तिले पनि प्रतिनिधित्व गर्ने संभावना रहने भएकोले बिधानमा आबश्यक परिमार्जित गर्न माग गरेको थियो। खुशिको कुरा  बोन सम्मेलनकै क्रममा बसेको केन्द्रिय समितीको आठौ बैठकले प्रतिनिधित्व छान्ने अधिकार राष्ट्रिय समन्वय समितिमा रहने गरी बिधानमा संशोधनको प्रस्ताव गरि सकेको छ। एनआरएनमा देखिएका कमिकमजोरी र चुनौतिहरुका समाधानका संभावित उपायहरुबारे एनआरएन जापानको तर्फबाट आगामी अक्टोबरमा नेपालमा हुने तेश्रो बिश्व सम्मेलनमा एक कार्यपत्रको पेश गर्न अन्तर्राष्ट्रिय समन्वय समितीलाई आग्रह भइसकेको छ।

केन्द्रिय समिती र राष्ट्रिय समन्वय समिती बिच प्रयाप्त प्रत्यक्ष संबादको अभाव तथा केन्द्रिय सदस्यहरुको राष्ट्रिय समन्वय समिती प्रति के कस्तो दायित्व रहने स्पष्ट ब्यबस्था नहुदा प्रभावकारी सुचना आदान

प्रदान गर्न अफ्ठ्यारो भइ रहेकोछ । पहिलो कार्यसमितीका निती तथा कार्यक्रमहरु तर्जुमा गर्न केन्द्रिय सदस्यको खासै भुमिका नरहे पनि एकाद बैठकहरुमा उपस्थित भइ टिप्पणीहरु गर्ने काम भएको छ । कहिले काही राष्ट्रिय समन्वय समितीको भावनाअनुरुप चल्न नसक्दा असहज वातावरण पनि पैदा हुने गरेकोछ ।

**समासामयिक बिषयमा दिईएका प्रेस बक्तब्यहरु**

समसामयिक र जल्दाबल्दा मुद्दाहरुमा नियमित रुपमा प्रेस बक्तब्य प्रकाशित गरी सम्बन्धित निकायहरुको ध्यानार्षण गरिएको छ । शान्तिपूर्ण जनआन्दोलन-२ मा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने प्रतिनिधिसभाको घोषणा-२०६३ को स्वागत देखि लिएर प्रवासी नेपालीहरुलाई बिदेशी भुमिमा मतदानको ब्यबस्थाको माग गर्ने सम्मका बक्तब्यहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ।

**भावी कार्यक्रमहरु**

माथि उल्लेख भए झै कार्यसमितिको पहिलो वर्षको प्राथमिकता संगठनको संरचनाको बिकास र संगठन बिस्तारमा भएको र यस तर्फ उल्लेखनिय उपलब्धी हासिल हुदै गएकोले आउदो बर्ष नेपालको आर्थिक बिकासमा प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमहरुमा जोड दिने र साथमा हालका परियोजनाहरुलाई निरन्तरता दिने योजना रहेको छ । भावी कार्यक्रमको रुप रेखा यस्तो हुनेछ ।

- नेपालको जलश्रोतको क्षेत्रमा जापानबासी नेपालीहरुको लगानीको संभावना बारे हाल भइरहेको अनौपचारिक छलफललाई ठोस निस्कर्षमा पुग्नलाई यस बिषयमा सेमिनार गोष्टिको आयोजना गरी लगानीका लागि जापानवासी नेपालीलाई उत्प्रेरण गर्ने । यस बिषयमा जापान-कोरिया संयुक्त लगानीका संभावनाका बिषयमा छलफल गर्न एनआरएन कोरिया सँग पनि सम्पर्क स्थापित भइ सकेकोले आबश्यक परामर्श गरी अगाडि बढ्ने ।
- नेपालमा नयाँ नयाँ क्षेत्रमा लगानीको संभावनाको खोजि गर्न कार्यशालाहरु सञ्चालन गर्ने ।
- देशको पर्यटन बिकासका लागी जापानबाट गर्न सकिने योगदानको बारे पहिलो बर्षमा भएको संभाब्यता अध्ययनलाई निरन्तरता दिदै नेपालमा अहिले शान्ति छाएको स्थिति रहेकोले बढि भन्दा बढी जापानी नागरिकहरुलाई नेपाल भित्राई प्राय मृताबस्थामा रहेको नेपालको पर्यटन ब्यबसायलाई टेवा पुर्याउने खालको बिशेष कार्यक्रम ल्याउने ।
- हाल लागु भएका कार्यक्रमहरु जस्तै संगठन बिस्तार, बार्षिक क्यालेण्डर प्रकाशन, मातृभूमी नेपालको प्रकाशन आदीलाई निरन्तरता दिदै टोकियो घोषणा पत्रका बाँकी प्रतिबद्दताहरु लागु गर्न प्रयत्न गर्ने ।

- अक्टोबरमा नेपालमा सम्पन्न हुन गइरहेको एनआरएनको तेश्रो बिश्व सम्मेलन सफलरुपमा सम्पन्न गर्नका लागि आबश्यक तयारी गर्ने ।
- आउदो एक बर्षको कार्यकाललाई चार त्रैमासीकका रुमा बिभाजन गरी ९२००७ मे-२००७ जुलाई, २००७ अगष्ट-२००७ अक्टोबर, २००७ नोभेम्वर-२००८ जनवरी र २००८ फेब्रवरी-२००८ अप्रील० सो समय तालिकामा निम्न कार्यक्रमहरुलाई प्राथमिकता दिने । दोश्रो त्रैमासीकमा तेश्रो बिश्व सम्मेलनको तयारी गर्ने, तेश्रो त्रैमासीकमा २००८ क्यालेण्डरको तयारी गर्ने, चौथो त्रैमासीकमा एनआरएन जापानको दोश्रो अधिबेशनका लागी तयारी गर्ने । नियमित कार्यक्रमहरु र सेमिनार, गोष्टि, अन्तरकृयाहरु उपयुक्त समयमा गर्ने ।

**धन्यबाद**

अन्त्यमा हाम्रा कार्यक्रमहरु सफल पार्न सहयोग गर्नु हुने सम्पुर्ण जापानवासी नेपाली दाजु भाई दिदी बहिनीहरु, शुभ चिन्तक, मेडिया, सौजन्यकर्ता, जापान स्थित नेपाली सँघ सँस्थाहरुलाई हार्दिक धन्यबाद ब्यक्त गर्दछौ ।

(यस लेख एनआरएन जापानको बार्षिक प्रगती प्रतिबेदनको आधारमा ‘‘मातृभूमी नेपाल’’ मा प्रकाशन गर्नका लागी तयार गरिएको हो । यस प्रतिबेदन माथि आफ्नो बहुमुल्य सुझाव र प्रतिकृया दिनुहुने एनआरएन जापानका कार्यसमितिका सदस्यहरु प्रति प्रतिवेदन प्रस्तोता  हार्दिक कृतज्ञता प्रकट गर्दछ । प्रतिवेदन तयारीको शुरु देखि सम्पादन सम्म सहयोग गर्नु हुने प्रकाशन बिभाग प्रमुख तथा सचिवालय सदस्य बेलु थापा प्रति लेखक हार्दिक आभार ब्यक्त गर्दछु ।)